मिति २०७८/०१/१५ बैठक संख्याः ६८

आज मिति २०७८/०१/१५ गतेका दिन ७:०० बजे यस देवघाट गाउँपालिकाका अध्यक्ष श्री दुर्ग बहादुर थापाको ज्युको अध्यक्षतामा देवघाट गाउँकार्यपालिकाको वैठक बस्यो ।

**उपस्थितीः**

| नामथर | पद |
|---|---|
| १) श्री दुर्ग बहादुर थापा | गा.पा. अध्यक्ष |
| २) श्री बिमला थापा | गा.पा. उपाध्यक्ष |
| ३) श्री श्री नरहरि सापकोटा | सचिव (प्रमुख प्रशासकिय अधिकृत) |
| ४) श्री भिम बहादुर गुरुङ | १ नं. वडाध्यक्ष |
| ५) श्री पोल बहादुर आले | २ नं. वडाध्यक्ष |
| ६) श्री कृतिमान आले | ३ नं. वडाध्यक्ष |
| ७) श्री पदम बहादुर गुरुङ | ४ नं. वडाध्यक्ष |
| ८) श्री याल बहादुर गुरुङ | ५ नं. वडाध्यक्ष |
| ९) श्री चन्द्र प्रकाश वि.क. | गा.का.पा. सदस्य |
| १०) श्री रत्न बहादुर बोटे | गा.का.पा. सदस्य |
| ११) श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| १२) श्री भोगी माया राना | गा.का.पा. सदस्य |
| १३) श्री अनिता गुरुङ | गा.का.पा. सदस्य |
| १४) श्री यम माया गुरुङ | गा.का.पा. सदस्य |

**कर्मचारी उपस्थितीः**

श्री गोविन्द प्रसाद पौडेल (अधिकृत)

## देवघाट गाउँपालिका

**वैठक संख्या ६८** **मितिः २०७८/०१/१५**

**प्रस्तावहरुः**

१. समिक्षा तथा जानकारी .................
२. राष्ट्रिय जनगणना – २०७८ को काममा गाउँपालिकाको भूमिका जिम्मेवारी सम्बन्धमा ।
३. विश्वव्यापी तथा नेपालमा महामारीको रुपमा फैलिएको कोभिड-१९ को व्यवस्थापन सम्बन्धमा ।
४. सुरक्षित आवास कार्यक्रम सञ्चालन सम्बन्धमा ।
५. सम्झौता हुन नसकेका तथा सम्झौता भएर पनि कार्य प्रारम्भ नभएका योजनाको सञ्चालन र व्यवस्थापन सम्बन्धमा ।
६. कोभिड – १९ संकट व्यवस्थापनको लागि आवश्यक पर्ने बजेट व्यवस्था सम्बन्धमा ।
७. कोभिड – १९ को महामारी बढ्दै गएको सन्दर्भमा गा.पा.को सम्पुर्ण सवारी साधनहरुलाई मर्मत गरी तयारी अवस्थामा राख्ने सम्बन्धमा ।
८. भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुको निवेदन फाराम कम्प्युटर प्रविष्ठिका लागि बजेट व्यवस्थापन सम्बन्धमा ।

**निर्णयहरुः**

१. यस भन्दा अघिको कार्यपालिकाको वैठकपछि गाउँ कार्यपालिकाको कार्यालयबाट सम्पादन भएका कार्यहरुको समीक्षा गरियो ।
२. राष्ट्रिय जनगणना – २०७८ को अभियानमा आउने सुपरिवेक्षक तथा गणकहरुलाई गाउँपालिका तथा अन्तर्गतका वडाहरु र सम्बन्धित वडाका जनप्रतिनिधिहरुबाट समेत आवश्यक सहयोग र समन्वय गरी "मेरो गणना मेरो सहभागिता" भन्ने नारालाई आत्मसात गरी सत्य तथ्य रुपमा सफल बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्ने निर्णय गरियो ।
३. विश्वभरी फैलिएको नयाँ प्रजाती (भेरियन्ट) सहितको कोभिड – १९ कोरोना भाइरस महामारी संक्रमण देशव्यापी रुपमा बढ्दै गएको विषम परिस्थितिमा संकट व्यवस्थापनका लागि गाउँपालिका प्रवेश गर्ने सम्पुर्ण नाकाहरुमा स्वयंसेवक खटाउने तथा हेल्पडेस्कको व्यवस्था गर्ने निर्णय गरियो ।
४. सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५ को अनुसूची - १ बमोजिमका आधारमा छनौट भई आएका लाभग्राहीहरुको वडा-वडामा सम्झौताका लागि पठाउने निर्णय गरियो ।
५. गाउँपालिकाको स्वीकृत वार्षिक बजेट अन्तर्गत आन्तरिक आयतर्फ अनुमान गरिएको राजश्व रकम संकलन गर्ने सन्दर्भमा नदिजन्य पदार्थको ठेक्का व्यवस्थापन अपेक्षित रुपमा हुन नसकी आन्तरिक आय संकलनको अवस्था अत्यन्त न्यून रहेको तथा गत आर्थिक वर्षको अवधिका कतिपय दायित्वहरु सिर्जना हुन आएको एवं प्रदेश तथा संघिय सरकारबाट राजश्व बाँडफाँडबाट प्राप्त हुने अनुदान रकम समेत निकासा भई नसकेको अवस्था र आर्थिक वर्षको अन्त्य समेत हुन लागेको अवस्थालाई मध्यनजर गर्दै देवघाट गाउँपालिकामा चालु आ.व. २०७७/०७८ को लागि स्वीकृत भएका योजना तथा

दुर्गा बहादुर थापा
अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

कार्यक्रमहरुमध्ये तेस्रो चौमासिकको दोस्रो महिनामा हालसम्म पनि सम्झौता हुन नसकेका तथा सम्झौता भएर पनि कार्यान्वयन हुन नसकेका योजना तथा कार्यक्रमलाई कार्यान्वयन नगर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

६. विश्वभरी फैलिएको नयाँ प्रजाती (भेरियन्ट) सहितको कोभिड – १९ कोरोना भाइरस महामारी संक्रमण देशव्यापी रुपमा बढ्दै गएको विषम परिस्थितिमा संकट व्यवस्थापनका लागि विपद व्यवस्थापन कोष/सम्बन्धित शिर्षक र कोषमा मौज्दात रहेको रकम न्यून हुने देखिएकोले अन्य शिर्षकबाट व्यवस्था गरी तत्कालको लागि कोरोना कोषमा मौज्दात रकम रु. १५ लाखले नपुग भएमा आवश्यक पर्ने थप बजेट व्यवस्थापन गर्ने निर्णय गरियो ।

७. बढ्दै गईरहेको कोभिड – १९ कोरोना भाइरस महामारी संक्रमणको विषम परिस्थितिमा गाउँपालिकाको कार्यालयमा रहेको सम्पुर्ण सवारी साधनहरुलाई मर्मत गरी तयारी अवस्थामा राख्ने निर्णय गरियो ।

८. गाउँपालिका अन्तर्गत वडा-वडामा संकलन भएको भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुको निवेदन फाराम कम्प्युटर प्रविष्ठिका लागि संलग्न सम्पुर्ण कागजातहरु स्क्यानिङ्ग तथा सफ्टवेयरमा डाटा ईन्ट्रीको लागि जम्मा लाभग्राही संख्या ३३२६ को प्रति फारम रु. ३०/- का दरले हुन आउने जम्मा रकम रु. ९९,७८०/- भूमि सम्बन्धी कार्य गर्नका लागि विनियोजित बजेटमध्येबाट खर्च हुने गरी व्यवस्थापन गर्ने निर्णय गरियो ।

दुर्गा बहादुर थापा
अध्यक्ष

नरहरि सापकोटा
प्रमुख प्रशासकीय अधिकृत